म्याङलुङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

म्याङलुङ तेह्रथुम

## सत्रौं नगरसभा

आर्थिक वर्ष २०८३/०८४

# नीति तथा कार्यक्रम

१० असार २०८३

म्याङलुङ नगरपालिका

# सत्रौं नगरसभाको पहिलो बैठकमा प्रस्तुत

## नीति तथा कार्यक्रम

### आर्थिक वर्ष २०८३/८४

म्याङलुङ नगरपालिकाको सत्रौं नगरसभामा उपस्थित सम्पुर्ण नगर सभा सदस्य ज्यूहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु । आम नगरवासिको आशा र विश्वासलाई हामी जनप्रतिनिधिहरुले इमानदारीताका साथ पूरा गर्नेछौ र हामीले अगाडि सारेका प्रतिवद्धता अनुसार प्रत्येक योजना तथा कार्यक्रमहरुलाई शृङ्खलाबद्ध रुपमा सम्पन्न गर्दै लैजाने छौ । साथै समय सापेक्ष थप नयाँ योजना तथा कार्यक्रमहरुलाई अगाडि वढाउदै जाने कुराको समेत प्रतिवद्धता व्यक्त गर्दछु ।

नगरबसीहरुमा विकास निर्माण प्रतिको चाहाना अधिक हुनु स्वभाविक नै हो। केन्द्र तथा प्रदेश सरकार बाट प्राप्तहुने अनुदान निरन्तर कटौती हुदै गइरहेको पछिल्लो अवस्थामा उपलब्ध सिमित श्रोत र साधनको समुचित व्यवस्थापन र सदुपयोगद्वारा नगरबासीको चाहाना बमोजिम म्याङलुङ्ग नगरको समृद्धि र विकासको लागि अधिकतम् प्रगति हासिल गर्ने कुरामा नगरपालिका सफल हुनेछ भन्ने मैले पुर्ण बिश्वास लिएको छु ।

**सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु,**

अव म शीर्षकगत रूपमा आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## १. सामाजिक सुरक्षा तथा विपन्न सहायता :

१.१ सामाजिक सुरक्षा भत्ता नबिकरण तथा नयाँ दर्ता प्रकृया लाई पुर्णरुपमा बायोम्याट्रीक डिभाईस मार्फत सम्बिन्धित वडा बाटै सेवा प्रवाह गर्ने ब्यवस्था मिलाईने छ ।

१.२ अति बिपन्न परिवारको मृत्यू दाहसंस्कारमा मलामी खाजाको ब्यवस्था र निशुल्क उपलब्ध गराउदै आएको सव बहान शेवालाई निरन्तरता दिईने छ ।

१.३ सम्पूर्ण नगर क्षेत्रमा सुरक्षित आवासको हक सुनिश्चित गर्न खरको छानो मुक्त अभियान मार्फत सुरक्षित नागरिक आवास निमार्ण तथा जस्तापाता वितरण कार्यक्रमलाई यो वर्ष पुर्ण सम्पन्न गरिनेछ ।

१.४ भुमिहिन दलित सुकुम्बासी र अव्यबस्थित बसोबासीको समस्या समाधानको लागि सम्बन्धित निकायहरु संग समन्वय तथा सहकार्य गरिने छ ।

१.५ जेष्ठ नागगरिक परिचयपत्र बितरण लाई प्रभाबकारी बनाउदै यस्तो परिचय पत्र प्राप्त नागरिकलाई बिभिन्न निकायमा छुट तथा सहुलियतको ब्यवस्था मिलाईने छ ।

## २. शिक्षा :

२.१ सबै शैक्षिक संस्थाहरुमा अनिवार्य बिद्युतिय हाजिरी  पूर्ण कार्यान्वयन गरिनेछ ।

२.२ सामुदायिक विद्यालयका प्रध्यानाध्यापकहरु लाई प्रोत्साहन स्वरुप मासिक रुपमा थप प्रोत्साहन भत्ताको ब्यवस्था  लाई निरन्तरता छ ।

२.३ पञ्चवर्षिय नगर शिक्षा योजना (२०८२-२०८७) क्रमिक रुपमा कार्यन्वयन गर्दै लगिनेछ ।

२.४ विद्यालयमा हरेक शुक्रबार हुदै आएका अतिरिक्त कार्यक्रमहरु लाई थप प्रभाबकारीता साथ सञ्चालन गरिने छ ।

२.५ शिक्षा लाइ प्रबिधि संग जोड्न हाल सम्म कम्प्यूटर नभएका बिद्यालयमा कम्तीमा एक कम्प्यूटर तथा प्रिन्टर उपलब्ध गराईनेछ ।

२.६ स्थानीय पाठ्यक्रम लाई परिमार्जन तथा तहगत रुपमा पाठ्यपूस्तक निमार्ण गरी लागू गरिनेछ ।

२.७ संस्थागत तथा सामुदायिक माध्यमिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्थालाई निरन्तरता दिइने छ ।

२.८ संस्थागत तथा सामुदायिक सबै माध्यमिक विद्यालयमा सेनेटरी प्याड डिस्पोजल मेसिन उपलब्ध गराईने छ ।

## ३. स्वास्थ्यः

३.१ सबै वडाका आधारभूत स्वास्थ्य चौकीहरु लाई आवश्यक औजार उपकरण तथा निशुल्क बितरण गर्नका लागि आवश्यक औषधी उपलब्ध गराईने छ ।

३.२ गर्ववती महिलाको गर्भमा रहेको भ्रूणको अवस्था जाँच र जटिलता पत्ता लगाई समयमै उपचार प्रदान गर्न RoUSG कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३.३ नगर क्षेत्र भित्र संचालित निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ । नगर बाहिर थप उपचार गर्न रेफर गरिएका विरामीको हकमा सहुलियत दरमा एम्बुलेन्स शेवा लाई समेत निरन्तरता दिईनेछ ।

३.४ जेष्ठ नागरिक तथा अपाङ भएका ब्यक्तीहरुका लागि निशुल्क स्वास्थ्य परिक्षण तथा परामर्श सेवा उपलब्ध गराउन मासिक रुपमा घुम्ती शिविर सञ्चालन गरिने छ ।

३.५ बिभिन्न सघं सस्था तथा अस्पतालहरु संगको समन्वयमा बृहत स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

३.६ महिला स्वास्थ्य स्वयमसेवीकाहरु लाई आवश्यक तालिम तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिनेछ ।

## ४. महिला, बालबालिका, दलित तथा अपाङ्ग

४.१ हिंसा पिडीत तथा विपतमा परेका महिलाहरुलाई समाजमा आत्मसाम्मान पूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता गरिनेछ ।

४.२ उपमेयर गरिब लक्षित महिला तथा वालवालिका कार्यक्रमलाई थप प्रभावकारीताका साथ कार्यन्वयन गरिने छ ।

४.३ बालविवाह, लागू पदार्थ प्रयोगकर्ता तथा साइवर अपराधका बिरुद्धमा विद्यालय स्तरमा सचेतना कक्षा संचालन गरीनेछ ।

४.४ उद्यमशिल महिलाहरुलाई लक्षित गरी सफल उद्यमी महिला प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

४.५ एकल महिलाहरुको उमेरगत गणना गरी १० वटै वडाहरुमा शसक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४.६ महिलाहरुको क्षमता अबिबृद्धी तथा नेत्रृत्व बिकास कार्यक्रमलाई बिशेष जोड दिईने छ ।

४.७ सांकृतिक तथा साहित्यिक कला उजागर गर्ने कार्यक्रमहरु ल्याईने छ ।

४.८ दलित तथा अल्पसंख्यक परिवारको परम्परागत शिप कौसलको संरक्षण तथा संबर्धन गर्दै आवश्यक तालिमको ब्यवस्था गरी ।

४.९ म्याङलुङ बजार स्थित सेफ हाउस थप व्यवस्थित गर्दै पुर्णरुपमा सञ्चालन गरिने छ ।

४.१० म्याङलुङ नगरपालिका र कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको लागत साझेदारी तथा करुणा फाउण्डेसन नेपालको प्राविधिक सहयोगमा कार्यक्रम संचालन गरिनुका साथै अपाङ्ता समावेसी विकासका गतिविधीहरु समेत संचालन गरिनेछ ।

## ५. पुर्वाधार बिकास :

५.१ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत बिभिन्न सिप, प्रबिधि र पुजींको उपयोग बाट आन्तरीक रोजगारीको प्रवर्द्धन गर्ने नीति लिईने छ ।

५.२ नगरको गौरवको योजना म्याङलुङ चक्रपथ बाह्रै महिना सन्चालन योग्य बनाइनेछ तथा टोल टोलमा विस्तार गरिएका ग्रामीण सडकहरुको आवश्यकता अनुसार स्तरउन्नती गरिनेछ ।

५.३ बजार क्षेत्रमा पूर्ण रुपमा ढल व्यवस्थापन तथा सडक कालोपत्र गर्ने काम सम्पन्न गरिने छ ।

५.४ म्याङलुङ नगरपालिका भित्रका सम्पूर्ण घरधुरीमा स्वच्छ खानेपानीको पर्याप्त व्यवस्था मिलाईनेछ र उपभोक्ता समितिलाई संस्थागत बनाउदै बजार क्षेत्र भित्र पानीको महशुल भुक्तानी प्रकृयालाई मिटर सिस्टम प्रणाली लागू गराईनेछ ।

५.५ नगरपालिका भित्र ठेक्का प्रकृया मार्फत सञ्चालन हुने सम्पूर्ण योजनाहरुको पहिलो चौमासिक भित्रै बोलपत्र आवहान गरिने छ ।

५.६ बजार क्षेत्र भित्र रहेका अब्यवस्थित तार, होडिङ बोर्डहरु हटाई ब्यवस्थित गरिने छ ।

५.७ समय सिमा भित्र कार्य सम्पन्न नगर्ने निर्माण ब्यवसायिहरुलाई तत्काल कार्वाही प्रकृया सुरु गरिने छ ।

५.८ उपभोक्ता समिति गठन प्रकृया भाद्र मसान्त सम्ममा सम्पन्न गरी मंसिर मसान्त भित्रमा सबै उपभोक्ता समितिले योजना संझौता गरि सकिने छ ।

५.९ जिरिखिम्ती बजारमा सुबिधा सम्पन्न कवडहल, आसोच गृह तथा खुल्ला ब्यायमशाला निमार्ण सम्पन्न गरिने छ ।

५.१० म्याङलुङ वडा नं. २ स्थित निर्माणधिन अवस्थामा रहेको म्याङलुङ रंगशाला यसै बर्ष निर्माण सम्पन्न गरिनेछ ।

५.११ हाल निर्माणधिन अवस्थामा रहेको पाँचथर र तेह्रथुम जोड्ने पुल यसै वर्ष सम्पन्न गर्न तथा सडक स्तरोन्नतीका लागि आवस्यक पहल कदमी लिईनेछ ।

## ६. कृषि तथा पशुपालन :

६.१ पशुपंछी तथा कृषीबालीका लागि आवश्यक औषधी तथा प्राबिधिक सेवा निशुल्क उपलब्ध गराईने छ ।

६.२ म्याङ्लुङमा कृषि तथा पशुपालनबाट उत्पादन भएको उपभोग्य सामाग्रीले आत्मनिर्भर नगर स्थापित गरिनेछ ।

६.३ कृषि तथा पशुपालन क्षेत्रमा संलग्न नगरवासिका घर घरमा हाते ट्याक्टर , कुटानी पिसानी मिल, थ्रेसर मेसिन , च्याप कटर लगायतका आधुनिक प्रविधि तथा उपकरण पर्याप्त रुपमा वितरण गरिनेछ । यी सम्पूर्ण यान्त्रिकिरण कार्यक्रममा लागत साझेदारी प्रकृया अभलम्बन गरिने छ ।

६.४ यस नगरमा वाहिर बाट आउने तरकारी तथा खाध्यान्नको गुणस्तरीयता चेकजाँच पश्चात मात्र बिक्री बितरण हुने गरी चेक पोष्टकोस्थापना गरिने छ ।

## ७. युवा, खेलकुद, पर्यटन तथा स्थानीय उद्योग प्रवर्द्धन :

७.१ प्रत्येक वडामा रहेको कम्तीमा एउटा खेलमैदानको स्तरोन्नती गरिनेछ ।

७.२ म्याङलुङ र जिरिखीम्तीमा रहेको खुल्ला व्यायामशालालाई थप उपकरण जडान गरी अझ व्यवस्थित गरिने छ ।

७.३ म्याङलुङमा प्रदेश तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता संचालन गर्नका लागि आवश्यक पहल गरिने छ ।

७.४ नगर तथा वडा स्तरमा सञ्चालन हुने बिभिन्न खेलकुद प्रतियोगिताहरु लाई थप ब्यवस्थित गरिने छ ।

७.५ नगर क्षेत्र भित्र रहेका बिभिन्न मठ मन्दिर, गुम्बा, पाटीपौवा, पार्क लगायतका धार्मिक साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थलहरुलाइ ब्यवस्थित गरिनेछ ।

७.६ यूवाहरुलाई शीपमुलक तालिमहरु एआई कन्टेन सिप, लोकसेवा तयारी कक्षा, ड्राइभिङ, ब्यूटिसियन लगायतका मागमा आधारित उध्यमशील बनाउने कार्यक्रमहरु ल्याईने छ ।

७.७ म्याङलुङ नगर भित्र रोजगारीको नक्साङ्कन गरी बैदेशीक रोजगारी बाट फर्किएका यूवाहरुको शीप दक्षता तथा पूजिं लाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

७.८ ढाका उत्पादक व्यावसायिहरुलाई विभिन्न आधुनिक डिजाइनको सीप सहितको तालिमको व्यवस्था र आवश्यक प्रविधि वितरण गरिनेछ ।

## ८. भवन संरचना तथा सूचना संचारः

८.१ म्याङलुङ नगरका शहरी क्षेत्रमा सडक बत्तीको थप व्यवस्थापन गर्दै त्यस्ता सडक बत्तीहरुको बिद्युत महसुल नगरपालिका मार्फत भुक्तानी गरिने छ ।

८.२ निर्माणाधिन वडा कार्यालयहरुको भवन निमार्णकार्य सम्पन्न गर्दै वडा कार्यालय भवन नभएका वडाहरुमा भवन निर्माण गरिने छ ।

८.३ नगरमा क्रियाशील पत्रकारको प्रोत्साहनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८.४ यस नगरपालिकाबाट हुने लोक कल्याणकारी सन्देशमुलक सूचनाहरु स्थानीय सबै सञ्चार माध्यम मार्फत प्रसारण तथा प्रकाशन गर्ने नीति अवलम्बन गरिने छ ।

८.५ बजार क्षेत्रमा थप सिसि क्यामरा जडान गरिने छ ।

## ९.सहकारी संस्था :

९.१ नगरमा दर्ता भएका सहकारी संस्थाको क्षमता वृद्धिका लागि बिभिन्न तालिम तथा अन्तकृया कार्यक्रम सञ्चालन गरिनेछ ।

९.२ नगरमा दर्ता रहेका कृषि सहकारी तथा कृषक समुहलाई कृषि यान्त्रिककरणमा पहिलो प्राथमिकता दिईनेछ ।

९.३ बचत तथा ऋण सहकारी अनुगमन प्रभाबकारी बनाई खराव ऋण असुलिका लागि सम्बन्धित सहकारीहरुलाई आवश्यक सहयोग गरिनेछ ।

९.४ कृषकलाई समयमै पर्याप्त मलखाद उपलब्ध गराउनका लागि बिकल्पहरुको अध्ययन गरी उपयूक्त बिधी अवलम्बन गरिनेछ ।

## १०.विपद व्यवस्थापन तथा वातावरण संरक्षण :

१०.१ विपदमा परेका नागरिकहरुकालागि राहत तथा क्षतिपूर्ति कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

१०.२ विपद व्यवस्थापन तथा विपद जोखिम नियन्त्रणको प्रभावकारी कार्य योजना निर्माण गरी लागू गरिनुका साथै विपद व्यवस्थापन कोषमा  पर्याप्त बजेट ब्यवस्थापन गरिनेछ ।

१०.३ सवै वडामा विपद्बाट जोगिनको लागि आगालागी नियन्त्रण सहितका कार्य गर्न तालिम प्रदान गरिनेछ र यसका लागि आवश्यकभौतिक सामाग्रीको पर्याप्त ब्यबस्था गरिने छ ।

१०.४ विपद् जोखिमका क्षेत्रहरु आगलागी, बाढी पहिरो भूक्षय आदिको सम्बन्धमा जोखिमको क्षेत्रमा सचेतनामूकल कार्य सञ्चालन गरिनेछ ।

१०.५ यस नगरका सामुदायिक वन तथा मध्य पहाडी लोक मार्गको दाँयाबाँया क्षेत्रमा वृक्षारोपण लाई निरन्तरता दिईने छ ।

१०.६ सार्वजनिक पोखरी, उद्यान, संस्कृतिक तथा घार्मिक सम्पदाहरु लगायतको संरक्षण तथा सम्बर्धन गरिनेछ ।

१०.७ सामुदायिक बनका उपभोक्ता समितिहरु लाई पूर्णरुपमा क्रियाशील बनाउदै आवश्यक सहयोग तथा समन्वय गरिने छ ।

१०.८ स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१०.९ नगरक्षेत्रका ग्रामिण भेगमा बाँदरले बालिनालीमा ब्यापक क्षती पूर्याउने गरेको हुदाँ बाँदर ब्यवस्थापनका लागि आवस्यक प्रबन्ध मिलाईने छ ।

## ११. सार्वजनिक सेवा प्रवाह र सुशासन :

११.१ नगरपालिकाबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाइने छ ।

११.२ नगरबासीको चासो गुनासो तथा सुझाव संकलनका लागि हट लाईन सेवा उपलब्ध गराई समाधान गरिएको बिबरण मासिक रुपमा सार्वजनिक गरिने छ ।

११.३ कर्मचारीले पाउने सेवा सुविधालाई समय अनुकूल वृद्धि गर्दै तालिम तथा विकासका क्रियाकलाप संचालन गरिने छ ।

११.४ चालु खर्चमा थप मितब्ययिता अपनाईने छ ।

११.५ सार्वजनिक खरिद ऐन अनुसार बार्षिक खरिद योजना तयार गरी एकिकृत खरिद प्रकृया अवलम्बन गर्दै ई-बिड मार्फत खरिद गरिनेछ ।

११.६ नगरपालिकामा रहेका सम्पुर्ण सवारी साधानहरुको सुब्यवस्थित सञ्चालनका निमित्त छुट्टै निर्देशीका तयार गरी लागू गरिनेछ ।

११.७ नगर प्रहरीको संख्या थप गरि नगर प्रहरीको उपस्थिती लाई थप प्रभाबकारी बनाईने छ ।

११.८ यान्त्रिक तथा कृषि उपकरण र नवीकरणीय उर्जा प्रविधि को लागत अनुमान देखि कार्यसम्पन्न सम्मको खरिद प्रकृयामा प्राविधिक सहयोगको लागि परामर्शदाता नियुक्ती गरिने छ ।

११.९ रिक्त दर्बन्दीमा नियामानुसार कर्मचारी माग गरी पदपूर्ती गर्दै विद्ययमान संगठन संरचनामा समायानुकुल परिमार्जन गरिने छ ।

११.१० फोहोर ब्यवस्थापनमा अन्य संघ संस्थाहरु संग सहकार्य तथा समन्वय गरिने छ ।

११.११ राष्ट्रिय भू उपयोग नीति अनुरुप जग्गा बर्गिकरण लाई थप परिष्कृत रुपमा गरिनेछ ।

## १२. राजश्व संकलन :

१२.१ राजश्व संकलनका दायरा फराकिलो बनाउदै राजश्व संकलनमा थप कडाई गरिनेछ ।

१२.२ सबै वडा कार्यालय मार्फत नै सम्पत्ती कर लिने ब्यवस्था मिलाईने छ

१२.३ राजश्व तथा शुल्क बैंक मार्फत भुक्तानी गर्न प्रोत्साहन गरिनेछ ।

१२.४ कर असुलीका लागि आवश्यक बोलपत्रहरु समयमै प्रकाशित गरी ठेक्का सम्झौता मार्फत कर असुली गरिने छ ।

## १३ न्यायिक समिति :

१३.१ स्थानीय टोल बस्तीमा तथा सम्पुर्ण विद्यालयहरुमा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिने ।

१३.२ प्रत्येक वडामा मेलमिलाप तथा महिला स्वास्थ्य सम्बन्धि कार्याक्रम सञ्चालन गर्ने ।

१३.३ बालबालिकासंग उपमेयर कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१३.४ गरिब दलित अल्पसंख्यक परिवारका लागि “उपमेयर स्वास्थ्य बिमा” कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

१३.५ शिक्षिकाहरु लाई प्रोत्साहन स्वरुप “उपमेयर शिक्षिका सम्मान” कार्यक्रम ल्याईनेछ ।

**१४. ऐन, निती नियम तथा कार्यबिधी :** नगरपालिकामा दैनिक प्रयोगका सवारी साधन, एम्बुलेन्स, सव बहान, ब्याकहो लोडर, ट्रयाकटर, ट्रिपर र सक्सन मेसीन लगायतका साधनहरुको समुचित प्रयोगका लागि आवश्यक पर्ने कार्यबिधीहरु निर्माण गरी लागू गरिने छ ।

म्याङलुङ नगरबासिले हामीलाई सुम्पिएको जिम्मेवारी र विश्वास मुलतः सुशासन सहितको विकास र समृद्धिको जनआकांक्षा पुरा गर्न म लगायत सम्पुर्ण नगरसभा सदस्यज्यूहरु यस महान अभियानमा निरन्तर लागी पर्ने बिश्वास व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यन्वयनबाट यस नगरपालिकाले परिलक्षित गरेका लक्ष्य र अपेक्षीत उपलब्धी हासिल हुने विश्वास लिएको छु । अन्त्यमा, यो नीति तथा कार्यक्रम तयार गर्ने शिलशिलामा मार्गदर्शन गर्नुहुने संघीय सरकार, प्रदेश सरकार , सभासदज्यूहरु, नगरपालिकाका पदाधिकारीहरू एवं प्रमुख प्रशासकीय अधिकृत सहित राष्ट्रसेवक कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।